# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## धुर्कोट गाउँपालिका
## गुल्मी

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## धुर्कोट गाउँपालिका
## गुल्मी

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## धुर्कोट गाउँपालिका

## गुल्मी

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन,स्थानीय तह लेखापरीक्षण निर्देशिका , महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐननियम ,लाई आधार लिई लेखापरीक्षण सम्पन्न गरिएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन , खरिदव्यवस्थापन सम्पत्तिको ,व्यवस्थापन, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय र परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एंव जवाफदेहिता, सेवा प्रवाह लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारितालाई समेत दृष्टिगत गर्दै कार्यान्वयन योग्य सुझाव प्रदान गरी सुशासन कायममा सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तहमा नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ । लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ ।

यस वर्षको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कानुन निर्माण गर्न बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्युन रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्राई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी वेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको लगायतका व्यहोराहरू देखिएका छन् ।

स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको देखिन्छ । जसले गर्दा सोही प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेका छन् । लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको देखिएन ।अतः लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद दिन चाहन्छु।

**( तोयम राया )**

२०८१ जेष्ठ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

## प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

(लुम्बिनी प्रदेश)

मितिः २०८१।२।११

प.सं. २०८०।८१

च.नं. ५७

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

धुर्कोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

गुल्मी।

## १. कैफियत सहितको राय

हामीले धुर्कोट गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को वित्तीय प्रतिवेदन, संलग्न अनुसूची, एकीकृत आय व्यय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को वित्तीय प्रतिवेदन, संलग्न अनुसूचीहरू, एकीकृत आय-व्यय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले धुर्कोट गाउँपालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. धुर्कोट गाउँपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय प्रतिवेदन महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय प्रतिवेदन तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू ५ करोड २३ लाख २६ हजार ०८६ बेरुजू देखिएको छ । सो सम्बन्धमा रु ४ करोड ३६ लाख ०४ हजार २१३ को प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू १३ लाख १४ हजार ०३९, नियमित गर्नुपर्ने रु ५२ लाख ३९ हजार ५९३, प्रमाण पेश गर्नुपर्ने रु ११ लाख ९२ हजार २४१, पेश्की रु ९ लाख ७६ हजार रहेको छ । धुर्कोट गाउँपालिकाको गतवर्ष सम्म रु. ५ करोड ५७ लाख ८८ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ६ करोड ४५ लाख १० हजार रहेको छ ।धुर्कोट गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। वित्तीय प्रतिवेदन तयार गर्ने धुर्कोट गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. **अन्य व्यहोरा** - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन्।

४. **वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्दा गल्ती कमजोरी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय प्रतिवेदन समग्रमा गल्ती कमजोरी वा त्रुटी समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले उच्चस्तरको आश्वस्तता प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका गल्ती कमजोरी वा त्रुटी पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन। वित्तीय प्रतिवेदनका उपयोगकर्ताले गर्ने आर्थिक निर्णयमा नै फरक पार्नसक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने गल्ती कमजोरी वा त्रुटीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

( घनश्याम पराजुली )

नायब महालेखापरीक्षक

## धुर्कोट गाउँपालिका, गुल्मी

## १. चालु वर्षको बेरुजु २०७९।८०

### बेरुजु वर्गिकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५२ | ४० | ५२३२६ | ० | ८ | ४३६०४ | ५२ | ३२ | ८७२२ | १३१४ | ५२४० | ११९२ | ० | ० | ७७४६ | ९७६ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७९।८०

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| धुर्कोट गाउँपालिका ,गुल्मी | ८८४२६ | ० | ३२६३९ | ५५७८८ | ० | ८७२२ | ६४५१० |

## ३ बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९।८० | ३.२ | प्रमाण | ४११८२ |
| | | २५ | असुली | ५१७ |
| | | ३४ | प्रमाण | १७२८ |
| | | १३.२ | प्रमाण | ३४ |
| | | १२.२ | असुली | १४३ |
| २ | २०७८।७९ | विभिन्न | दाखिला प्रमाण अनियमित | ३२६३९ |
| | कुल जम्मा | | | ७६२४३ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१

**(क) कार्यालय परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस धुर्कोट गाउँपालिकामा ७ वडारहेको छ भने क्षेत्रफल ८६.३२ वर्ग किलोमिटर तथा १८८१४ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।१६ देखि २०८०।५।२० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको विनियोजनतर्फ रु. ०, राजश्वतर्फ रु. ०, धरौटीतर्फ रु. ०, अन्य कारोबारतर्फ रु. ६६८९७४८३५।- आय — व्ययतर्फ रु.७२९३१८८४५। सम्पत्ति तथा दायित्व

तर्फ रु. ० को गरी जम्मा रु. ७९९१४६८४०।- को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.५३२७३५८।- असुल भई दाखिला प्रमाण पेश भएको छ ।

| विवरण | रकम |
|---|---|
| सामाजिक सुरक्षा दोहोर तथा बाँकी | २७९६० |
| वैठक भत्ता | ११००० |
| अग्रिम कर कट्टी | ६६६५ |
| पदाधिकारी बढी सुविधा | ९५०४० |
| अनुदान फिर्ता | ५१७१६३९ |
| बढी ग्रेड | १५०५४ |
| जम्मा | ५३२७३५८ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आन्तरिक नियन्त्रण प्रणाली -**

**आन्तरिक नियन्त्रण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन -

- वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।
- सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ३ वित्तीय विवरण परीक्षण -

३.१ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छ -

| प्राप्ती भुक्तानी हिसाव | | | | |
|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ५८,६६,९९,४४२.४१ | ५१,९०,६८,९४५.२४ | ५१,९०,६८,९४५.२४ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ५८,०९,७६,११८.४१ | ५१,२१,६४,२५०.२४ | ५१,२१,६४,२५०.२४ |
| ११००० कर | ११ | ९,१५,७४,५०८.४१ | ७,३५,५२,०३६.३३ | ७,३५,५२,०३६.३३ |
| १३००० अनुदान | | ४८,३१,७४,०००.०० | ४३,४१,५४,०७९.९१ | ४३,४१,५४,०७९.९१ |
| संघीय सरकार | १२ | ४४,४७,१८,०००.०० | ३९,९१,५०,१६८.९१ | ३९,९१,५०,१६८.९१ |
| प्रदेश सरकार | १२ | ३,८४,५६,०००.०० | ३,५०,०३,९११.०० | ३,५०,०३,९११.०० |
| १४००० अन्य राजस्व | | ६२,२७,६१०.०० | ४४,५८,१३४.०० | ४४,५८,१३४.०० |

| | | | | |
|---|---|---|---|---|
| १५००० विविध प्राप्ति | | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | ५७,२३,३२४.०० | ६९,०४,६९५.०० | ६९,०४,६९५.०० |
| वितरण गर्न बाकी राजस्व | | ० | ४,०७,६००.०० | ४,०७,६००.०० |
| कोषहरु | | ५७,२३,३२४.०० | २५,००,०००.०० | २५,००,०००.०० |
| धरौटी | | ० | ३९,९७,०९५.०० | ३९,९७,०९५.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ६६,०७,०१,७६९.०० | ५६,९४,५१,८४९.०० | ५६,९४,५१,८४९.०० |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ६५,४९,७८,४४५.०० | ५६,१४,३६,६०६.०० | ५६,१४,३६,६०६.०० |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ६,७६,२५,५००.०० | ५,९८,०१,२७७.०० | ५,९८,०१,२७७.०० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १३,७३,३०,५००.०० | १०,१५,८०,९२९.०० | १०,१५,८०,९२९.०० |
| २५००० सहायता (Subsidy) | १८ | १८,२९,०४,०००.०० | १७,२८,३५,९७०.०० | १७,२८,३५,९७०.०० |
| २६००० अनुदान | १८ | ० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | १८ | १३,५७,०००.०० | १२,५९,७५०.०० | १२,५९,७५०.०० |
| २८००० अन्य खर्च | १८ | ३,९१,४५,४४५.०० | ३,८६,५४,०४५.०० | ३,८६,५४,०४५.०० |

| | | | | |
|---|---|---|---|---|
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २२,६६,१६,०००.०० | १८,७३,०४,६३५.०० | १८,७३,०४,६३५.०० |
| ३२००० वित्तीय सम्पत्ति | १८ | ० | ० | ० |
| घ. अन्य भूक्तानी | | ५७,२३,३२४.०० | ८०,१५,२४३.०० | ८०,१५,२४३.०० |
| कोषहरु | | ५७,२३,३२४.०० | ५५,०९,८८६.०० | ५५,०९,८८६.०० |
| धरौटी | | ० | २५,०५,३५७.०० | २५,०५,३५७.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | (७,४०,०२,३२६.५९) | (५,०३,८२,९०३.७६) | (५,०३,८२,९०३.७६) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ७,९२,६०,१६४.०० | ७,९२,६०,१६४.०० |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (७,४०,०२,३२६.५९) | २,८८,७७,२६०.२४ | २,८८,७७,२६०.२४ |
| बैंक तथा नगद बाकी | २४ | | ३,१०,४९,६४४.२४ | ३,१०,४९,६४४.२४ |

| सैद्धान्तिक बेरुजु |
|---|

३.२ **फरक जिम्मेवारी —**

✂..... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई प्रमाण पेश भएको आधारमा मिति २०८०। १२।१२ को निर्णयबाट रु. ४११८२३२८।- सम्परीक्षण गरिएको ।*

| प्रमाण पेश नगरेको | ० |
|---|---|

३.३ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक

कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १३२१६४८९८।स्थानीय तह प्रशासकीय भवन पुर्वाधार विकास कार्यक्रमको रु.९२६४२०१ र अन्य रु. ८४७६५२१। समेत गरी रु १४९९०५६२०। सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.४ **आन्तरिक लेखापरीक्षण -** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर यस पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **कानून निर्माण एवं कार्यान्वयन -**

४.१ **कानून र सञ्चालन स्थिति —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि यस पालिकाले हालसम्म ३ वटा ऐन, ५ कार्यविधि लगायत ८ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

सैद्धान्तिक बेरुजु

४.२ **न्यायिक समिति —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्योंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नभएको र यो वर्ष थप भएको ३५ गरी कुल ३५ विवाद दर्ता भएकोमा १९ वटा मात्र फस्योंट भई १६ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्योंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

## ५ बजेट तथा कार्यक्रम -

५.१ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५.२ **बजेट पेश, पारित र अख्तियारी —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।१० मा रु. ५७ करोड ४६ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।४।५। मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५.३ **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा कुल ४८९ योजनामा वजेट विनियोजन गरेको छ।

| **विवरण** | **योजना** संख्या | **रकम (रु. हजारमा)** |
|---|---|---|
| रु.१ लाखभन्दा कमको योजना | ११६ | ६४०९ |
| रु. १ लाख एकदेखि ५ लाख सम्मका | २८४ | ४५४८९ |
| रु. ५ लाखदेखि १० लाख सम्मका | ६९ | ४६७७९ |

| | | |
|---|---|---|
| रु.१० लाख एकदेखि ५० लाख सम्मका | १७ | ३४०२९ |
| रु. ५० लाख भन्दा माथिका | ३ | १५७१८ |
| जम्मा | ४८९ | १४८४२४ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५.४ **लक्ष्य प्रगति -** कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको नदेखिएकोले तोकिएको ढाँचामा वार्षिक प्रगति प्रतिवेदन तयार गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५.५ **क्षेत्रगत बजेट र खर्चको स्थिति-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्षेत्र | बजेट रु. हजारमा | खर्च रु.हजारमा | खर्च प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ६९९६३ | ५४७३१ | ९.७४८ |
| पूर्वाधार विकास | १२०५२८ | १०५३७५ | १८.७६ |
| सामाजिक विकास | २८२८४० | २४८५१३ | ४४.२६ |
| संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १८५६३ | ९४७१ | १.६८ |
| अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १६३०८० | १४३३४५ | २५.५३ |
| | ६५४९७४ | ५६१४३५ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४४.२६ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा १.६८ प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

५.६ **त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च रु.हजारमा | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १८७३०५ | २१९१० | १८०६० | ४००७७ | १०७२५८ | ६४०४७ |
| प्रतिशत | | ११.७० | ९.६४ | २१.४० | ५७.२६ | ३४.१९ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु. १८७३०५।- निकासा भएकोमा प्रथम त्रैमासिकमा ११.७० प्रतिशत, दोस्रो त्रैमासिकमा ९.६४ प्रतिशत, तेस्रो त्रैमासिकमा २१.४० प्रतिशत र चौथो त्रैमासिकमा ५७.२६ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र ३४.१९ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५.७ **सफ्टवेयर खरिद** - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सम्बन्धित सफ्टवेयर खरिद गरी देहायबमोजिम रु. ८७६१०६।- खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

| सफ्टवेयरको नाम | प्रयोजन | खरिद मूल्य |
|---|---|---|
| Led Software and Nagarik Badapatra | नागरिक बडापत्र | ४३८०५३ |
| Dhurkot Krishi Application Software | कृषि कार्यक्रममा | ४३८०५३ |
| जम्मा | | ८७६१०६ |

सैद्धान्तिक बेरुजु

## ६ संगठन तथा कर्मचारी व्यवस्थापन -

६.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १४ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका, इन्जीनियर, लेखा अधिकृत, शिक्षा अधिकृत, आन्तरिक लेखा परीक्षक, कम्प्युटर अपरेटर सहित १९ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६.२ **कर्मचारी व्यवस्था -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक ३५ जना कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु. १४३३००००।- भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएकोले ऐनको पालना गरी कर्मचारीको नियुक्त गरी खर्च लेख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६.३ **तलवी प्रतिवेदन -** निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ।पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ६२ कर्मचारीको रु. २९०९७०००।- र पालिकाका १८ कर्मचारीको रु. ९६०७०००। समेत रु. ३८७०४०००।- खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ७ नियन्त्रण वातावरणको विश्लेषण -

७.१ **कन्टिन्जेन्सी खर्चको अभिलेख-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २

प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ र ४ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७९।०८० मा कन्टीन्जेन्सी बापत रु.. १४२१९००।- कट्टी गरी रु. ५५२३३९।- खर्च गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राखे गरेको छैन ।

सैद्धान्तिक बेरुजु

७.२ **परामर्स तथा डीपीआर खर्च —** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| वडा नं. ७ को कार्यालय भवन | एरो कन्सल्टेन्ट प्रा.लि.. | २०००००० | ३९४९३५ | ३९९७०० |
| वडा नं. ३ को कार्यालय भवन | कान्जिरोवा कन्सल्टेन्ट प्रा.लि. | | ३९४३७० | ३९९७०० |
| ट्रि हाउस निर्माण | फाइन स्टार कन्सल्टेन्ट प्रा.लि. | | ४९६०४० | ४९९९९७ |
| नयाँगाउँ देउराली पार्क | बारबरा इन्जिनियरिङ्ग प्रा.लि. | | ४९६०७० | ४९९९९७ |
| धुर्कोट बर्बोट रोड | अस्त्र इन्जिनियरिङ्ग प्रा.लि. | | २४९१६५ | २९६८०२ |
| जम्माः | | २०००००० | २०३०५८० | २०९६१९६ |

डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

७.३ **वार्षिक खरिद योजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद

गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु..२२ करोड ६६ लाख १६ हजारको खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७.४ **सेवा प्रवाह-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिकाले तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकालेवाट प्राप्त विवरण अनुसार सेवा प्रवाह गरेको पाइयो । साथै देखाइएकोमा अन्य कुन—कुनमा हो भनी यकिन हुन सकिएन ।

| विवरण | जम्मा |
|---|---|
| घटना दर्ता | १४९२ |
| घरबाटो सिफारिष | ९० |
| नागरिकता सिफारिष | ७३१ |
| नाता प्रमाणित | १८६ |
| अन्य | ३३२५ |

सैद्धान्तिक बेरुजु

७.५ **सहकारी नियमन-** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाभित्र दर्ता भएका सहकारी संस्थाको विवरण. माग गरेको विवरण प्राप्त भएन । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

## ८ राजस्व आन्तरिक नियन्त्रण -

८.१ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ६११२३४५८४ | ७५५७६५५ | १.२३ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.२३ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

८.२ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ६००००००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु. ७५५७६५५।- अर्थात अनुमान भन्दा २५% प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

८.३ **कर तथा शुल्क असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आ.व. : २०७९/८० प्रकार : आन्तरिक राजस्व खाता महिना : असार | | | |
|---|---|---|---|
| SN | आम्दानी शीर्षक | अनुमान | यस महिना सम्मको आम्दानी |
| १ | भुमिकर/मालपोत | ६२५७०२.९३ | ६३७८११.५९ |
| २ | वहाल कर | २८७४०५.४८ | २८७४०५.४८ |
| ३ | वहाल विटौरी कर | २४००.०० | २४००.०० |
| ४ | परीक्षा शुल्क | २१८५००.०० | २१८५००.०० |
| ५ | अन्य प्रशासनिक सेवा शुल्क | १११३३६२.०० | १२१०५६१.०० |

| | | | |
|---|---|---|---|
| ६ | सिफारिश दस्तुर | १५६१९१७.०० | १५८०३१७.०० |
| ७ | व्यक्तिगत घटना दर्ता दस्तुर | ५३३०५०.०० | ५३७७५०.०० |
| ८ | नाता प्रमाणित दस्तुर | १९७९१५.०० | १९७९१५.०० |
| ९ | प्रशासनिक दण्ड जरिवाना र जफत | ४९७५६.०० | ५०५०६.०० |
| १० | व्यवसाय कर | ६५३११०.०० | ६६२५८५.०० |
| जम्मा | | ५२४३११८.४१ | ५३८५७५१.०७ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

८.४ **राजश्व बाँडफाँड -** स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजश्व बाँडफाँड गर्नुपर्नेमा नगरेको वा घटी बाँडफाँड गरेको पाइएकोले निम्नानुसारको रकम सम्बन्धित निकायलाई बाँडफाँड गरी पठाउनु पर्ने रु.

| आय शीर्षक | संकलित रकम | प्रदेशलाई पठाउनु पर्ने प्रतिशत | पठाएको रकम | पठाउन बाँकी रकम |
|---|---|---|---|---|
| अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी | ३६१९८४० | ४० | ६६०२५६ | ७८७६८० |

| प्रमाण पेश नगरेको | ७,८७,६८० |
|---|---|

८.५ **राजस्व असुली -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाभित्रका ७ वडाहरुको राजस्व असुली परीक्षण गर्दा रु ११००४२९ असुली भएको छ । पालिकाले वडा तथा पालिकाको राजश्व असूली तथा अभिलेखलाई प्रभावकारी बनाउनमा ध्यान दिनुपर्दछ ।

| वडा नं | आय शिर्षक | अशुली रु. | दाखिला रु. | दाखिला गर्न बाँकी |
|---|---|---|---|---|
| १ | आन्तरिक आय | ३४७५०४ | ३४७५०४ | ० |
| २ | आन्तरिक आय | ३५४९७२ | ३५४९७२ | ० |

| | | | | |
|---|---|---|---|---|
| ३ | आन्तरिक आय | ३९७९५३ | ३९७९५३ | ० |
| | जम्मा | ११००४२९ | ११००४२९ | ० |

सैद्धान्तिक बेरुजु

८.६ **व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. १८९३२५।- कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

९ **अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ता -**

**अनुदानको अनुगमन** – सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा रु. ४८८३१६८।- अनुदान खर्च लेखेको छ । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **आर्थिक सहायकता, विविध खर्च र प्रधानमन्त्री रोजगार -**

१०.१ **विविध खर्च–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. १०१५०६०।- खर्च गरेको छ ।

सैद्धान्तिक बेरुजु

१०.२ **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.४०४०००।-

आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. ७५५७६५५।- को ५.३५ प्रतिशत हुन आउँछ । आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१०.३ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ७ वडामा गोरेटो बाटो सोलिङ्ग तथा सीडी निर्माण योजना सञ्चालन गरी यस वर्ष २११ जनालाई औसत १३ दिन देखि ९५ दिनसम्म रोजगारी उपलव्ध गराई रु. ४७९११९२।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **पेश्की व्यवस्थापन -** पेश्की बाँकी- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौट नभई बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौट गर्नुपर्ने रु.

| गो. भौ. मिति | पेश्की लिनेको नाम | म्याद नाघेको | म्याद ननाघेको |
|---|---|---|---|
| १९९-०७९।११।४ | सुवास पन्थी | १८०००० | ० |
| २७१-०७९।११।२१ | सूर्य प्रसाद खनाल | १५०००० | ० |
| ३२२-०७९।१२।२३ | नारायण पोखरेल | १४०००० | ० |
| ७-०७९।४।१ | ड्रागन रेगन रेसुङ्गा दर्शन जेभी | ० | २३५०००० |
| ७-०७९।४।१ | सुस्मा करिष्मा नि.से. | ० | ६५०००० |
| ५-०७९।६।१३ | अन्जना श्रेष्ठ जेभी | ० | १५०००००० |
| २८-०७९।८।२१ | ड्रागन रेगन रेसुङ्गा दर्शन जेभी | ० | २३५०००० |

| | | | |
|---|---|---|---|
| ३६७-०८०।२।३० | हेफर प्रोजेक्ट नेपाल | ५०६००० | ० |
| | जम्मा | ९७६००० | ६८५०००० |

| | |
|---|---|
| पेश्की | ९,७६,००० |

१२.

१२.१ **जिन्सी निरीक्षण प्रतिवेदन र कार्यान्वयन -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ को उपनियम ४ मा निरिक्षण गरि प्राप्त भएको प्रतिवेदनमा मर्मत गर्नु पर्ने भए ३ महिना भित्र र लिलाम गर्नुपर्ने मालसामान १ महिना भित्र लिलामको प्रकृया शुरु गरि सक्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयको जिन्सी प्रतिवेदन परिक्षण गदा लिलाम मर्मत गर्नु पर्ने औल्याईएकोमा कार्यालयले नियमावलीको पालना गरी जिन्सी समान मर्मत तथा लिलाम गरेको देखिएन ।त्यसैले जिन्सी निरिक्षण प्रतिबेदन अनुशार जिन्सी सामाग्री व्यवस्थापन गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१२.२ **पदाधिकारी सुविधा बढी भुक्तानी** - स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ को अनुसूचीको खण्ड (क) मा गाउँपालिकाका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी व्यवस्था छ।प्रदेश सभाबाट मिति २०७७/३/२४ मा संशोधन भएको विधेयकमा मूल ऐनको अनुसूचीको खण्ड (क) को गाउँपालिका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको क्रम संख्या ८ र ९ मा वडाध्यक्षले पाउने मासिक खानेपानी तथा सरसफाई सुविधा र मर्मत सम्भार, विधुत तथा उर्जा सुविधा हटाइएको व्यहोरा उल्लेख छ।तर, गाउँपालिकाले आ.व. २०७९/०८० मा पदाधिकारीलाई सुविधा भुक्तानी गर्दा निम्न २ जना वडाध्यक्षलाई उल्लेखित व्यवस्था विपरित विभिन्न भौचरबाट खानेपानी तथा सरसफाई सुविधा र मर्मत सम्भार, विधुत तथा उर्जा सुविधा वापतको रकम भुक्तानी गरेकोले उक्त ऐन विपरितको रकम कर कट्टी पछीको सम्बन्धीत वडा अध्यक्षहरु बाट असुल गर्नुपर्ने रु ९५०४०

| पदाधिकारीको नाम | खानेपानी र मर्मत सम्भार बिद्युत मासिक | वार्षिक जम्मा | बढी भुक्तानी |
|---|---|---|---|
| विरबहादुर कुवर | ४००० | ४८००० | ४७,५२० |
| कृष्णबहादुर सार्की | ४००० | ४८००० | ४७,५२० |
| जम्मा | २०००० | २४०००० | ९५०४०। |

✂..... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८०। १२।१२ को निर्णयबाट रु. १४२५६०।-सम्परीक्षण गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९५,०४० |

१३.

१३.१ **वितरणमुखी खर्च**- पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा उपयोगिताको सृजना नगर्ने खर्चलाई नियन्त्रण गर्नुपर्नेमा विभिन्न संघ संस्था, समूह, क्लव लगायतलार्य कार्यक्रम र प्रपोजलका आधारमा नगरपालिकाले आर्थिक सहायता उपलब्ध गराएको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ मा समेत पुँजी सिर्जना नहुने प्रकृतिका कार्यक्रम जुन वितरणमूखी र उपयोगिता नदिने स्थितिमा रहेका खर्चलाई निरुत्साहित गर्न आवश्यक देखिन्छ । ऐनमा संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानुनी अवस्था समेत देखिदैन । नमुना छनौटको आधारमा परीक्षण गर्दा पालिकाले लक्षित समूहको बजेटबाट बिभिन्न वितरणमूखी योजना कार्यान्वयन गरी खर्च गरेको छ ,यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ । केही उदाहरणहरु निम्नानुसार छन्

| गो भौ नं। मिति | वजेट विनियोजित शिर्षक | खर्च रकम |
|---|---|---|
| २२-२०७९।०६।१३ | विभिन्न दिवसिय कार्यक्रम तिज गीत प्रतियोगिता | ११९५५० |
| ८२-२०७९।७।२७ | विविध कार्यक्रम देउसी भैलो | १००००० |
| १४८-०७९।०९।२० | तिज गीत तथा पूर्णिमा भैलो नाच कार्यक्रम | १००००० |
| २७२-०७९।११।२१ | संस्कृति संरक्षण देउसी भैलो कार्यक्रम | ५०००० |
| बिभिन्न | पालिका तथा वडाकार्यालय बाट अवलोकन भ्रमण | ७८८००० |
| जम्मा | | ११५७५५० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१३.२ **मुल्य अभिबृद्धि कर कट्टी**-मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा मूल्य अभिवृद्धि कर नियमावली २०५३ मा भएको संशोधित व्यवस्था तथा आर्थिक विधेयक २०७८ अनुसार बिभिन्न ब्यवसायी, आपूर्तिकर्तालाई ठेक्का तथा सम्झौता गरी मु. अ. कर रकम भुक्तानी गर्दा सोको ३० प्रतिशत मूल्य अभिवृद्धि कर रकम कट्टि गरी उक्त रकम कार्यालयले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न गो.भौ.नं. र मितिबाट विभिन्न व्यवसाय तथा आपूर्तिकर्तालाई मूअकर रकम भुक्तानी गर्दा सो नियम विपरित पुरै रकम भुक्तानी गरेकोले ब्यवसायीहरूले कर समायोजन प्रमाणपत्र पेश गर्नुपर्नेर रु

| गो भौ नं। मिति | व्यवसायी | भ्याट बाहेक रकम | भ्याट रकम | ३० प्रतिशत कर |
|---|---|---|---|---|
| ५३-०७९।०७।२१ | श्री कृष्ण अफसेट प्रेस | २२४९५० | २९२४३ | ८७७३ |
| १३१-०७९।०९।११ | गगन ग्रिल मेटल वर्कसप | ३६२८९८ | ४७१७६ | १४१५३ |
| ३६६-२०८०।०१।३१ | शुभकामना सप्लायर्स | ४४१५४० | ५७४०० | १७२२० |
| ४६९-०८०।०३।२० | ओम रामजी मल्टि एग्रो प्राली | ३०९७३५ | ४०२६५ | १२०८० |
| ४७९-०८०।०३।२० | एडमापर मल्टि सर्भिस क. प्राली | ४३९००० | ५७०७० | १७१२१ |
| ४९५-०८०।०३।२२ | बुटवल कृषि यन्त्र घर | ८८८१६० | ११५४६० | ३४६३८ |
| ५०३-०८०।०३।२३ | जियरे इन्जिनियरिङ्ग कन्सल्टेन्सी | १३२२००० | १७१८६० | ५१५५८ |
| ५१६-०८०।०३।२४ | एरो कन्सल्टेन्सी प्राली | ३४९५०० | ४५४३५ | १३६३० |
| ५२०-२०८०।०३।२४ | अस्त्र इन्जिनियरिङ्ग कन्सल्टेन्सी | २२०५०० | २८६६५ | ८६०० |
| ५२९-०८०।०३।२४ | कान्जिरोवा इन्जिनियरिङ्ग सोलुसन प्रालि | ३४९००० | ४५३७० | १३६११ |
| ५३०-०८०।०३।२४ | फाइभस्टार इन्जिनियरिङ्ग सर्भिसेस प्रालि | ४३९००० | ५७०७० | १७१२१ |
| | जम्मा | ६२२५२८३ | ८०९२८४ | २०८५०५ |

✂..... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण भई प्रमाण पेश भएको आधारमा मिति २०८०। १२।१४ को निर्णयबाट रु. ३४२८१।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,०८,५०५ |

